# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं.: ८५

मितिः २०८२/०४/१२

**विषयः निर्णय कार्यान्वयन गर्ने सम्बधमा ।**

श्री परम्परागत विद्यालयहरु (मदरसाहरु) सबै,
कोशी गाउँपालिका, सुनसरी।

प्रस्तुत विषयमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको पत्र संख्या अनु ४ख च.नं. ITH-८१८२-६३१११ मिति २०८२/०३/१३ को निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी पत्रबाट सम्मानित आयोगको मिति २०८२/०३/११ गतेको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ बमोजिम सशर्त अनुदानमा सञ्चालित मदरसाहरुमा धार्मिक शिक्षक, उर्दु तथा अरबी शिक्षकहरु भारतिय नागरिक रहेको देखिएकोले सो सम्बन्धमा त्यस्ता धार्मिक विद्यालयहरुमा सम्बन्धित विषयहरुको अध्यापनका लागि सम्भव भएसम्म नेपाली नागरिकलाई नै प्राथमिकतामा राखी शिक्षक नियुक्त हुने व्यवस्था गर्न गराउन हुन पत्राचार भएको हुँदा उक्त निर्णय कार्यान्वयन गर्न गराउन हुन सम्पूर्ण परम्परागत शिक्षण संस्थाहरु (मदरसाहरु) लाई जानकारी गराइन्छ।

२०८२/०४/१२

बाबुराम कार्की
शिक्षा अधिकृत (सातौं)

**बोधार्थः**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, अनु ४ख, इटहरी।

# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लौकही, सुनसरी कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं.: ६०

मितिः २०८२/०४/१२

**विषयः निर्णय कार्यान्वयन गर्ने सम्बधमा ।**

श्री ससकोशी मा.वि. भण्टाबारी,
कोशी गाउँपालिका-८, सुनसरी।

प्रस्तुत विषयमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको पत्र संख्या अनु ४ख च.नं. ITH-८१८२-६३११३ मिति २०८२/०३/१३ को निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी पत्रबाट सम्मानित आयोगको मिति २०८२/०३/११ गतेको निर्णयानुसार त्यस विद्यालयले गाउँपालिकाबाट प्राप्त विभिन्न आर्थिक वर्षहरुमा स्वास्थ्य सामग्री, बालविकास व्यवस्थापन, वितरण हुन बाँकी छात्रवृत्ति रकम, विद्यालय सुधार योजना निर्माण लगायतको अनुदान रकमहरु सम्बन्धित आर्थिक वर्षहरुमा खर्च नभइ विद्यालयको बैंक खातामा मौज्दात रहेको देखिएकोमा उक्त बैंक खातामा नै मौज्दात रहेको रकम दुरुपयोग हुन सक्ने देखिएको हुँदा अनुदान दिने सम्बन्धित निकायमा नै फिर्ता जम्मा हुने व्यवस्था गर्न गराउन पत्राचार भएको हुँदा उक्त निर्णय बमोजिम विद्यालयको खातामा कुन आर्थिक वर्षमा के कती रकम मौज्दात रहेको छ? उक्त रकम यस कार्यालयको बेरुजु खातामा जम्मा गर्नहुन जानकारी गराइन्छ।

२०८२/०४/१२
बाबुराम कार्की
शिक्षा अधिकृत (सातौं)

**बोधार्थः**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, अनु ४ख, इटहरी।

CamScanner

**कोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लौकही, सुनसरी**

**कोशी प्रदेश, नेपाल**

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ६१

मितिः २०८२/०४/१२

**विषयः निर्णय कार्यान्वयन गर्ने सम्बधमा ।**

श्री सामुदायिक तथा परम्परागत विद्यालयहरु सबै,

कोशी गाउँपालिका, सुनसरी।

प्रस्तुत विषयमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको पत्र संख्या अनु ४ख च.नं. ITH-८१८२-६३११४ मिति २०८२/०३/१३ को निर्णय कार्यान्वयन गर्ने गराउने सम्वन्धी पत्रबाट सम्मानित आयोगको मिति २०८२/०३/११ गतेको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित कतिपय विद्यालयहरुमा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय खाजा प्रारुप, २०८१ बमोजिम दिवा खाजा खुवाउनु पर्नेमा रकम नै वितरण गरिएको पाइएकोले अब उप्रान्त खाजा नै खुवाउने व्यवस्था गर्न गराउन पत्राचार भएको हुँदा उक्त निर्णय कार्यान्वयन गर्न गराउन हुन सम्पूर्ण सामुदायिक तथा परम्परागत विद्यालयहरुलाई जानकारी गराइन्छ।

२०८२/०४/१२

बाबुराम कार्की

शिक्षा अधिकृत (सातौं)

**बोधार्थः**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, अनु ४ख, इटहरी।

CamScanner

# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं.: ९२

मितिः २०८२/०४/१२

**विषयः निर्णय कार्यान्वयन गर्ने सम्बधमा ।**

श्री वार्षिक एकमुष्ट अनुदानबाट सञ्चालित विद्यालयहरु सबै,
कोशी गाउँपालिका, सुनसरी।

प्रस्तुत विषयमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको पत्र संख्या अनु ४ख च.नं. ITH-८१८२-६३१०९ मिति २०८२/०३/१३ को निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी पत्रबाट यस गाउँपालिका अन्तर्गत सञ्चालित वार्षिक एकमुष्ट अनुदानबाट सञ्चालित विद्यालयहरुमा स्थायी दरबन्दीका शिक्षकहरु नहुने र प्राप्त अनुदानबाट न्यून संख्यामा शिक्षक राखी पठनपाठन भइरहेको देखिएकोले शैक्षिक गुणस्तरियतामा नकारात्मक प्रभाव परिरहेको साथै विद्यालयमा प्राप्त अनुदानको दुरुपयोग हुन सक्ने प्रवल सम्भावना देखिएकोले बालबालिकाको गुणस्तरिय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारको सुनिश्चितता गर्न गराउन सम्मानित आयोगको मिति २०८२/०३/११ गतेको निर्णय प्राप्त भएको हुँदा उक्त निर्णय कार्यान्वयन गर्नुहुन साथै वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को दफा ८ बमोजिम जनशक्ति तथा खर्च व्यवस्थापन गर्नुहुन अनुरोध छ।

२०८२/०४/१२

बाबुराम कार्की
शिक्षा अधिकृत (सातौं)

**बोधार्थः**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, अनु ४ख, इटहरी।

CamScanner